ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
GRAMEEN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.
समाचार

जेठ १३, २०८१ | ग्रामीण विकास लघुवित्त समाचार | मे २६, २०२४

# ग्रामीण विकास लघुवित्तको अध्यक्षमा भरतराज कोइराला नियुक्त

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको अध्यक्षमा श्री भरतराज कोइराला नियुक्त हुनु भएको छ। नव नियुक्त अध्यक्ष कोइरालालाई नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक श्री गुरुप्रसाद पौडेलले जेठ १३ गते आइतबार पद तथा गोपनियताको सपथ गराउनु भयो।



संस्थाको सञ्चालक समितिको २०८१ जेठ ४ गते शुक्रवार बसेको २३५ औं बैठकबाट कोइरालालाई अध्यक्ष पदमा नियुक्त गर्ने निर्णय भएको थियो। सपथ ग्रहणका अवसरमा संस्थाका सञ्चालक समितिका सदस्यहरु श्री शिवहरी दंगाल, श्री सुशील कुमार नेपाल, श्री मनोज कुमार खडका र प्रमुख कार्यकारी अधिकृत श्री श्याम कुमार कटुवालको समेत उपस्थिति रहेको थियो।



यसअघि कोइराला यस संस्थामा मिति २०७८ भाद्र ५ गते देखि सर्वसाधारण शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनु भएको थियो। सञ्चालक समितिले कोइरालालाई अध्यक्ष पदमा नियुक्त गरेसँगै संस्थाले थप नयाँ उचाइ लिने विश्वास व्यक्त गरिएको छ।